# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०

## योजना तथा कार्यक्रमहरु कार्यान्वयन सम्बन्धी अत्यन्त जरुरी सूचना

*सूचना प्रकाशित मिति: २०८०/०२/०१*

आ.व.२०७९/०८० मा यस गाउँपालिकाको स्वीकृत बार्षिक नीति, कार्यक्रम तथा वजेटमा उल्लिखित योजना/कार्यक्रम एवं सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त, समपूरक, विशेष अनुदान, विभिन्न संघ संस्थाहरु सँगको साझेदारीमा संचालन गरिने योजना/कार्यक्रम लगायतका अन्य योजना/कार्यक्रमहरु ठेक्का प्रकृया तथा उपभोक्ता समिति मार्फत कार्यान्वयनका लागि गाउँपालिका सँग सम्झौता भई कार्यान्वयनको चरणमा रहेका योजना/कार्यक्रमहरु सम्झौतामा उल्लिखित समयावधि भित्र नै सम्पन्न गर्न गराउन हुन सम्पूर्ण सरोकारवालाहरुमा गाउँ कार्यपालिकाको कार्यालय विशेष अनुरोध गर्दछ । चालु आ.व. को बैशाख मसान्त सम्म गाउँ कार्यपालिकाको कार्यालयले करिब ९५ % भन्दा बढि योजना/कार्यक्रमहरुको कार्यान्वयन प्रकृया अगाडि बढाई अधिकांश योजना/कार्यक्रमहरु कार्यान्वयन भइ सेकेका एवं केही सीमित योजना/कार्यक्रमहरु मात्र कार्यान्वयनको चरणमा रहि भुक्तानी बाँकी रहेको हुँदा उक्त कार्यान्वयनको चरणमा रहेका योजना/कार्यक्रमहरुको हकमा गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा एवं गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको समन्वयमा मिति २०८०/०२/३० गते सम्म वा सो अगावै सम्पूर्ण कागजातहरु सहित भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ । साथै कार्यालयको तर्फबाट यस कार्यका लागि आवश्यक समन्वय, सहजीकरण तथा सहयोग गरिने एवं सो गर्दा समेत वेवास्ता गरी तोकिएको समयावधि भन्दा ढिलो पेश हुन आएका योजना/कार्यक्रमहरुको हकमा विविध कारणवश चालु आ.व. मा भुक्तानी हुन नसकेमा गाउँ कार्यपालिकाको कार्यालय जिम्मेवार नहुने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८०/०२/०१

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्च: चालु आ.व. २०७९/०८० मा गाउँपालिकाको लागि प्राप्त वित्तीय समानीकरण बापत चौथो त्रैमासिकमा प्राप्त हुनु पर्ने अनुदानमा ५०% कटौती भएको एवं सङ्घीय सरकारबाट राजश्व बाँडाफाँड बापत प्राप्त हुने रकममा हालसम्म ५३% मात्र प्राप्त भएको तथा आन्तरिक राजश्व समेत अनुमान भन्दा घटी संकलन हुने देखिएको हुँदा उपभोक्ता समिति मार्फत कार्यान्वयनको चरणमा रहेका योजना/कार्यक्रमको भुक्तानीलाई गाउँ कार्यपालिकाको कार्यालयले विशेष प्राथमिकता दिएको हुँदा कार्यसम्पन्न गर्नु पर्ने समयावधि वा सो अगावै गुणस्तरीय काम गरि प्रकृया पुर्याई भुक्तानी लिनु हुन एवं विविध प्राविधिक कारणवश हालसम्म सम्झौता हुन नसेकका केही सीमित योजना/कार्यक्रमहरुको हकमा अब उप्रान्त सम्झौता नहुने ब्यहोरा अवगत गराईन्छ ।*

इमेल: info@marinmun.gov.np "नतिजामुखी प्रशासन समृद्धि र सुशासन" www.marinmun.gov.np